Australian Government

NATIONAL
BOWELCANCER
SCREENING PROGRAM




# सूचना पुस्तिका

परीक्षण सामाग्री सहयोग लाईन : 1800 930 998 कार्यक्रम जानकारी लाईन : 1800 118 868

# सूची


आन्द्रामा हुने अर्बुध रोगको राष्ट्रिय जाँच कार्यक्रमको बारेमा .................................. 3

आन्द्रामा हुने अर्बुध रोग ............................................................ 5

तपाईको परीक्षण सामाग्री................................................................ 9

कोलोनोस्कोपी.......................................................................13

कार्यक्रम दर्ता.......................................................................14

सहयोग चाहियो? .................................................................. 20


## प्रतिलिपि अधिकार


©2017 कमनवेल्थ अफ अष्ट्रेलियाको रुपमा स्वास्थ्य विभागद्वारा प्रतिनिधित्व

यो काममा प्रतिलिपि अधिकार सुरक्षित छ। तपाईले यसको प्रतिलिपि, छाप्न, उतार्न, प्रदर्शन र यसको पुरा वा केहि भागको फेरबदल नगरी पुनःउत्पादन आफ्नो व्यक्तिगत प्रयोगको लागि वा यदि तपाई एक संगठन भित्र आन्तरिक रुपमा उपयोग गर्न सक्नुहुन्छ तर केवल तपाई वा तपाईको संगठनको लागि मात्र :

(a) कुनै पनि व्यवसायिक उद्देश्यको लागि प्रतिलिपि वा पुनःउत्पादन प्रयोग नगर्नुहोस; र

(b) यो प्रतिलिपि अधिकारको सूचना र यस प्रतिलिपि वा पुनःउत्पादनको भागको सबै अस्वीकरण सूचनाहरु राख्नुहोस्।

प्रतिलिपि अधिकार ऐन 1968 (Cth) द्वारा अनुमति दिइएको अधिकारहरु वा यस प्रतिलिपि अधिकार सूचनाको अनुमति दिइएको बाहेक सबै अन्य अधिकारहरु आरक्षित छन् साथै सबै व्यवसायिक अधिकारहरु (तर त्यतिमामात्र सीमित छैन)।

पुनःउत्पादन र अन्य अधिकारको प्रयोग सम्बन्धि अनुरोधहरु र सोधपुछहरु Communication Branch, Department of Health, GPO Box 9848, Canberra ACT 2601, वा इमेलको माध्यमबाट copyright@health.gov.au मा पठाउन सकिन्छ।


**यो सूचना पुस्तिका पूर्ण रुपमा व्यापक नहुन सक्दछ र केवल मार्गदर्शनको रुपमा मात्र सिमित छ। यसले व्यक्तिगत मेडिकल सल्लाहलाई बदल्दैन र यदि तपाईको आफ्नो स्वास्थ्यको बारेमा कुनै कुरा वा थप प्रश्नहरु छन् भने तपाई आफ्नो चिकित्सकलाई सोध्न सक्नुहुन्छ**

# आन्द्रामा हुने अर्बुध
## आन्द्रामा हुने अर्बुध रोगको राष्ट्रिय जाँच कार्यक्रमको बारेमा

**किन तपाईले परीक्षण गर्नुपर्दछ**

- यो परीक्षणले तपाईको जीवन बचाउन सक्नुहुन्छ।
- यो परीक्षणले आन्द्रामा हुने अर्बुध रोगको प्रारम्भिक अवस्था पत्ता लगाउन मद्दत गर्दछ।
- कुनै पनि लक्षणहरु बिनापनि आन्द्रामा हुने अर्बुध रोग विकास हुन सक्छ।
- आन्द्रामा हुने अर्बुध रोगको खतरा ५० वर्षको उमेर देखि एकदमै बढ्छ।
- खुशीको खबर यो छ कि यदि यस बारेमा शुरुमा नै थाहा पाउन सकियो भने १० मध्ये ९ आन्द्रामा हुने अर्बुध रोग सफलतापूर्वक निवकरण गर्न सकिन्छ।
- चिकित्सकहरुले हरेक दुई वर्षमा ५०-७४ वर्षको उमेरका मानिसहरुलई घरमै परीक्षण गर्न सिफारिस गर्दछन्।



## यसको परीक्षण कसले गर्ने ?

- ✓ लगभग ५०-७४ वर्ष उमेरकाहरु सबैलाई
- ✓ दुवै महिला र पुरुष
- ✓ यहाँसम्म कि स्वास्थ्य व्यक्तिलाई पनि -आन्द्रामा हुने अर्बुध रोगको लागि उमेर सबै भन्दा बढी जोखिम कारकतत्व हो
- ✓ जो व्यक्तिले पहिला पनि जाचँ गरेका छन् - चिकित्सकहरु हरेक दुई वर्षमा जाँच गर्न सिफारिस गर्दछन् ।

- यदि तपाईलाई यसको लक्षण वा आन्द्रामा हुने अर्बुध रोगको बलियो पारिवारिक इतिहास छ भने (आन्द्रामा हुने अर्बुध रोगको खण्ड, पृष्ठ ६ मा हेर्नुहोस्) आफ्नो चिकित्सकसंग जति सक्दो चाँडो यस सम्बन्धि आवश्यक पर्न सक्ने परीक्षणको बारेमा कुरा गर्नुहोस् ।
- तपाईले पछिल्लो दुई वर्षमा कोलोनोस्कोपी गराउनु भएको छ वा आन्द्राको समस्याको बारेमा तपाईको चिकित्सकलाई देखाउनु भएको छ भने तपाईलाई परीक्षण गर्न आवश्यक नहुन सक्छ ।

## परीक्षणमा के हेरिन्छ ?


- परीक्षणले लक्षणहरु नभएको व्यक्तिहरुमा स-साना रगतको निशानहरु दिसामा छ कि छैन भन्ने जाँच गर्दछ ।
- आन्द्रामा हुने अर्बुध रोग वा पोलिप्स (सानो डल्लो) आन्द्राको भित्री पर्खालमा बढ्न सक्छ । प्राय: जसो स-साना रगतको चुहावट त्यस बढेको भागबाट हुन गई दिसामा कुनै लक्षण याद गर्नु पहिले नै देखिन थाल्छ ।
- पोलिप्स अर्बुध रोग होइन, तर भविष्यमा यो अर्बुध रोगमा विकास हुन सक्छ । यसलाई सजिलै हटाएर आन्द्रामा हुने अर्बुध रोगको विकास हुने जोखिमलाई कम गर्न सकिन्छ ।
- यदि तपाईको नमूनामा रगत देखापर्‍यो भने यो अर्बुद रोग भन्दा बढी अरु चीजहरुको कारणबाट पनि हुन सक्छ तर नतिजालाई छलफल गर्न तपाईको चिकित्सकलाई देखाउन आवश्यक पर्दछ । रक्तश्रावको कारण पत्ता लगाउन तपाईको चिकित्सकले कोलोनोस्कोपीको सिफारिस गर्न सक्दछ (कोलोनोस्कोपी खण्ड, पृष्ठ १३) ।

## तपाईको आन्द्राले के गर्दछ

तपाईको आन्द्रा तपाईको पाचन प्राणालीको भाग हो। यो भागले तपाईको शरीरमा खानालाई टुक्राउने गर्दछ र तपाईको शरीरबाट बाहिर दिसा सम्म पुऱ्याउँदछ।

**तपाईको आन्द्रामा तीन भाग हुन्छ:**


- सानो आन्द्रा - जसले टुक्रिएको खानाबाट पोषण तत्वहरु सोस्दछ
- ठूलो आन्द्रा (पेट) - जसले पानी सोस्दछ
- मलाशय - जसमा दिसा जम्मा हुन्छ जबसम्म शरीरबाट हुँदै तल (मलद्धार) सम्म पुग्दछ।




## आन्द्रामा हुने अर्बुध रोग भनेको के हो ?

- आन्द्रामा हुने अर्बुध रोग सामान्यतया भित्रको ठूलो आन्द्रा (पेट) मा विकास हुन्छ
- प्राय: आन्द्रामा हुने अर्बुध रोगको विकास आन्द्राको भित्री तहमा सानो डल्लो जसलाई पोलिप्स भनिन्छ त्यसबाट हुन्छ
- सबै साना डल्लाहरु अर्बुध रोगमा परिणत हुदैन
- साना डल्लाहरु निकाल्दा तपाईको आन्द्रामा हुने अर्बुध रोगको जोखिमहरु कम हुन्छ।

## आन्द्रामा हुने अर्बुध रोगका चरणहरु




## आन्द्रामा हुने अर्बुध रोगको लक्षणहरु के हुन्?

आन्द्रामा हुने अर्बुध रोगको विकास कुनै लक्षणहरु बिना नै हुन्छ। त्यसैले हरेक दुई वर्षमा जाँच गर्नु जरुरी हुन्छ। लक्षणहरुमा समावेश हुन्छन् :

- तपाईको दिसा पिसाबमा वा शौचालयको कचौरामा रगत भएमा
- तपाईको शौचालय बस्ने आदतमा भर्खरै र निरन्तर परिवर्तन, जस्तै पातलो दिसा, कडा कब्जियत र/वा यदि दिसा सामान्य भन्दा बढि चोटि भएमा
- अस्पष्ट रुपमा थकान हुनु वा तौल धट्नु
- पेटको दुखाई।

## लक्षणहरु थाहा पाउनुहोस् :

- यदि तपाईले यी लक्षणहरु देख्नु भएमा, यसको अर्थ यो होइन कि तपाईलाई आन्द्रामा हुने अर्बुध रोग हुन्छ, तर यो धेरै महत्वपूर्ण हुन्छ कि तपाई आफ्नो चिकित्सकसंग कुरा गर्नुपर्दछ।
- आन्द्रामा हुने अर्बुध रोगको असर ५० वर्ष भन्दा तलका मानिसमा पनि हुन सक्छ त्यसैले आफ्नो परिवारका सदस्यहरु र साथीहरुलाई यसको लक्षणको बारेमा जानकारी गराउनु र उनीहरु चासो राख्छन् भने चिकित्सकसंग कुरा गर्नु भन्नुहोस्।

पृष्ठ ५ र ६ मा भएका उदाहरणहरुको छाँटकाँट मूल उदाहरणहरुबाट लिइएको, सौजन्य अर्बुध रोग परिषद Victoria।

**तपाईलाई आन्द्रामा हुने अर्बुद रोगको जोखिम हुन सक्छ यदि तपाई :**

- ५० बर्ष भन्दा माथि
- धेरै तौल भएमा
- रोतो मासु र प्रसोधित मासुहरु (जस्तै बेकन, ससेजहरु) को खानामा धेरै मात्रा भएमा
- साग-सब्जीहरु, फलफुल, गेडागुडीहरु र अन्नहरु (जस्तै गहुँको रोटी, खैरो चामल) को खाना कम मात्रामा भएमा
- धूम्रपान
- रक्सीको सेवन
- आन्द्रा सुन्निने रोग भएमा (जस्तै पुराना रोग वा अल्सर)
- पहिलेको आन्द्रामा गैर-अर्बुध रोगयुक्त टयूमरहरु भएमा
- आन्द्रामा हुने अर्बुध रोगको बलियो पारिवारिक इतिहास भएमा ।

**आन्द्रामा हुने अर्बुध रोगको बलियो पारिवारिक इतिहास भनेको के हो ?**

आन्द्रामा हुने अर्बुध रोगको बलियो पारिवारिक इतिहास भन्नाले यदि:

⇨ नजिकको नातेदार (अभिभावक, दाजु-भाई, दिदी-बहिनी वा बच्चा) लाई सानो उमेर (५५ वर्ष भन्दा तल) मा आन्द्रामा हुने अर्बुध रोगको विकास भएमा, वा

⇨ परिवारमा कुनै पनि उमेरका एक भन्दा धेरै नातेदारहरुमा आन्द्रामा हुने अर्बुध रोग भएको थियो भने ।

यदि तपाईलाई लाग्दछ की तपाईको आन्द्रामा हुने अर्बुध रोगको बलियो पारिवारिक इतिहास भएमा, तपाईलाई हुन सक्ने यस रोगको जोखिमको बारेमा र कुन जाँच गर्नु ठिक हो भन्ने बारे आफ्नो चिकित्सकसंग कुरा गर्नुहोस् ।


**८०% मानिसमा परिवारिक इतिहासमा यो रोग नभए पनि आन्द्रामा हुने अर्बुध रोगको विकास हुन्छ ।**



## तपाई आन्द्रामा हुने अर्बुध रोगको जोखिम कम गर्न सक्नुहुन्छ

अहिलेसम्म कुनै पनि अर्बुध रोगको पूर्णरुपमा निको पार्न सकिदैन, तपाई आन्द्रामा हुने अर्बुध रोगको जोखिम यस प्रकार कम गर्न सक्नुहुन्छः

- ✓ स्वास्थ्यकर खाना खाएर
  - ⇨ रातो मासुको मात्रा कम गरेर (हप्ताको ५०० ग्राम भन्दा कम), प्रशोधित मासुबाट टाढा रहनुहोस्
  - ⇨ धेरै मात्रामा अन्न, तरकारी, फलफुल र गेडागुडीहरु खानुहोस्
  - ⇨ अधिक क्यालोरी भएको खाना र चिनीयुक्त पेय पदार्थहरुबाट टाढा रहनुहोस्
- ✓ हरेक दिन कम्तिमा ३० मिनेटको लागि शारीरिक रुपमा सक्रिय रहन, र थोरै बस्नु पर्दछ
- ✓ तपाईले रक्सीको सेवन कम गर्नु पर्दछ
- ✓ धुमपान गर्नुहुदैन
- ✓ सहज उपचारको लागि हरेक दुई वर्षमा जाँच गरि आन्द्रामा भएको परिवर्तन थाहा पाउन सजिलो हुन्छ ।




**किनभने लक्षणहरु देखापर्नु अगाडि
नै आन्द्रामा हुने अर्बुध रोगको
पहिचान गर्न सकिन्छ**




**जाँच सामाग्री याद गर्नको लागि तपाईलाई सुझावहरु**

- सम्झिनको लागि यसलाई देखिने ठाउँमा राख्नुहोस् (जस्तै तपाईको भित्ता वा शौचालयको बस्ने ठाउँमा) ।
- नमूनाहरु लिनको लागि ती दिनहरुमा आफैंमा प्रतिबद्ध हुनुहोस् (जस्तै - अर्को हप्ताको सोमवार र मंगलवार) ।

## परीक्षण सामाग्रीमा के के समावेश छ ?

यो निःशुल्क परीक्षण सामाग्री छिटो, सफा र सजिलो छ - र यसलाई घरमै गर्न सकिन्छ । यसको लागि तपाईको खानपिन र औषधिहरुमा कुनै परिवर्तन गरिरहनु पर्दैन । परीक्षणमा समावेश गर्न लागि खाली दुई छुट्टै दिसाहरुको संकलन लठ्ठीको सहायताले दिसाको दुई साना नमूनाहरु लिनु पर्दछ । त्यस पछि तपाईको नमूनाहरु कार्यक्रम प्रयोगशालामा पठाउनु पर्दछ । परीक्षणमा नमूनाहरुको धेरै साना, नदेखिने रगतको निशानहरु हेरिन्छ ।

## सहि नतिजा पाउनको लागि - तपाईको नमूनालाई सफा राख्न जरुरी छ

रगत पत्ता लाउनको लागि यो परीक्षण धेरै राम्रो छ । यद्यपि, नमूनाहरुको परीक्षण गर्न ढिलो भएमा वा धेरै समयसम्म धेरै तापमानमा रहेमा रगत टुक्रिएर पत्ता लगाउन गाह्रो हुन्छ । यसको कारणले ठिक नतिजा नआउन सक्छ ।

सहि नतिजाको लागि महत्वपूर्ण हुन्छ कि एकैसाथ नजिक-नजिक समयमा लिइएको नमूनाहरु, फ्रिजमा भण्डारण गरेर छिटो भन्दा छिटो पठाउनु पर्दछ ।

## नमूनाहरुलाई किन फ्रिजमा राख्न जरुरी हुन्छ ?

फ्रिजले तपाईको नमूनाको लागि सबैभन्दा स्थिर अवस्थामा राख्न र सुरक्षित प्याकेजिंगको कारणले, फ्रिजमा भएको अरु सामानहरुसंग मिसावट हुने सम्भावना पनि कम हुन्छ। फ्रिजरमा भने तपाईको नमूनाहरुलाई राख्नु हुदैन ।

## नतिजा प्राप्त गर्नको लागि

तपाईले नमूनाहरु पठाएको केहि हप्ता पछि तपाइको पत्राचार ठेगानामा नतिजा तपाईलाई र तपाईको चिकित्सकलाई (यदि तपाईले मनोनित गर्नुभएको छ भने) सिधै पठाइन्छ ।

## नकारात्मक नतिजा

यदि तपाईको नमूनाहरुमा रगत देखिएन भने, तपाईको परीक्षणको नतिजा नकारात्मक हुनेछ र अहिलेको लागि कुनै थप कार्यको आवश्यकता पर्दैछ। तथापि, यसको मतलब यो होइन कि तपाईलाई भएको छैन वा आन्द्रामा हुने अर्बुध रोगको विकास कहिल्यै हुन सक्दैन, किनकि कुनै आन्द्रामा हुने अर्बुध रोगमा रगत आउँदैन वा रगत आउने जाने हुन्छ। ८५% आन्द्रामा हुने अर्बुध रोगहरु कार्यक्रममा प्रयोग गरिएको जस्तै परीक्षणले मात्र पत्ता लगाउन सक्दछ।
त्यसैले महत्वपूर्ण यो छ कि हरेक दुई वर्षमा यसको जाँच गरेर आफ्नो चिकित्सकसंग सल्लाह लिनु पर्दछ यदि तपाईमा नकारात्मक नतिजा आए पछि पनि लक्षणहरु देखिएको खण्डमा (पृष्ठ ६ मा हेर्नुहोस् आन्द्रामा हुने अर्बुध रोगको लक्षणहरु) ।


## सकारात्मक नतिजा

यदि तपाईको नमूनाहरुमा रगत देखियो भने, तपाईको परीक्षणको नतिजा सकारात्मक हुनेछ र यसको लागि तपाईको चिकित्सकसंग छलफल गर्नुपर्दछ। एक सकारात्मक नतिजा अर्बुध रोगको भन्दा अन्य कारणहरुले पनि हुन सक्छ (जस्तै साना डल्लाहरु, मलद्वारमको नसामा हुने घाउ वा आन्द्रा सुन्निनु), तर यो महत्वपूर्ण छ कि यसको अनुसन्धान गर्नुपर्दछ। तपाईको चिकित्सकले रक्तश्रावको कारण पत्ता लगाउन थप परीक्षणको सिफारिस गर्न सक्दछ, समान्यतया कोलोनोस्कोपी ।

## कार्यक्रमद्वारा प्रदान गरिएको परीक्षण के हो ?

परीक्षण एक immunochemical faecal occult रगत परीक्षण (iFOBT) हो ।

**२०२० देखी**




**उमेरका मानिसहरुलाई**
**हरेक दुई वर्षमा निःशुल्क सामाग्री**
**मेल मार्फत पठाइन्छ**

## अहिले परीक्षणको आवश्यकता छैन वा यस कार्यक्रममा भाग लिन चाहनुहुंदैन?

कार्यक्रममा सहभागी हुने इच्छा तपाईको आफ्नै हो ।

तपाईले आफ्नो परीक्षण पछि (स्थगित) गर्न वा कार्यक्रमबाट हट्नको लागि छनौट (वैकल्पिक बन्द) गर्न **1800 118 868** मा कार्यक्रम सूचना लाइनलाई फोन गरी वा पुस्तिकाको (पृष्ठ १७) पछाडि रहेको फारम भर्न सक्नुहुन्छ ।

- यदि तपाई कार्यक्रमबाट *स्थगित* गर्नुहुन्छ भने, पुनःभर्ना हुने मितिको छनौट गर्न सक्नुहुन्छ । तपाई आफ्नो सहभागिताको स्थागन एक वर्षसम्म गर्न सक्नुहुन्छ ।
- यदि तपाई कार्यक्रमबाट वैकल्पिक *बन्द गर्न* छनौट गर्नु हुन्छ भने, तपाई कार्यक्रमबाट निःशुल्क परीक्षण सामाग्री वा पत्राचार थप पाउन सक्नुहुन्न । आन्द्राको जाँच सम्बन्धमा थप स्वास्थ्य उपचार सम्बन्धि जानकारी तपाईको कार्यक्रम दर्तामा भण्डार गरिने छैन ।

तपाई कार्यक्रममा पु:न भर्ना कुनै पनि समयमा हुन सक्नुहुन्छ ।

व्यक्तिगत सूचनाको कसरी व्यवस्था गर्ने सम्बन्धमा जानकारीको लागि कृपया पृष्ठ १४ मा रहेको कार्यक्रम दर्ता खण्डमा हेर्न वा www.cancerscreening.gov.au/nbcsp-privacy जान सक्नुहुन्छ ।

## यदि तपाई यसमा सहभागी हुन चाहनुहुदैन भने आफ्नो परीक्षण सामाग्रीलाई के गर्न सक्नुहुन्छ ?

नचाहिएको परीक्षण सामाग्रीलाई फोहोर फाल्ने भाडामा फाल्न सक्नुहुन्छ । तपाईलाई नचलाएको सामाग्री फिर्ता गर्न वा अरु कसैलाई दिनसक्नुहुन्छ ।

## यदि तपाईलाई कसैलाई सामाग्री चाहिएको थाहा भयो भने के गर्ने ?

यदि कसैको उमेर ५०-७४ वर्ष छ र तपाईलाई थाहा भयो कि उसलाई परीक्षण गर्ने इच्छा छ भने तिनीहरुले कार्यक्रम जानकारी लाईन **1800 118 868** मा फोन गर्न वा थप जानकारीको लागि www.cancerscreening.gov.au/bowel मा जान सक्नुहुन्छ ।

यदि तपाईको दिसामा रगतको परीक्षण नतिजा सकारात्मक देखिएमा, तपाईको चिकित्सकले कोलोनोस्कोपीको लागि सिफारिस गर्न सक्दछ ।

**के हो कोलोनोस्कोपी ?**

कोलोनोस्कोपीमा तपाईको बेहोश अवस्थामा (सुतेको बेला) तपाईको आन्द्रा भित्र हेर्न एउटा प्रक्रिया हो । चिकित्सकले एउटा क्यामरा जडित छोटो लचिलो टयूबलाई तपाईको मलद्वार भित्र हालेर सानो डल्लो वा अर्बुध रोगको विकास छ कि छैन जाँच गर्दछ । सबै औषधीमूलक प्रक्रियामा केहि जोखिम र केहि फाइदा रहेको हुन्छ । तथापि कोलोनोस्कोपीको जाखिम भन्दा अर्बुध रोगको जति सक्दो चाँडो खोज्नु नै यसको धेरै फाइदारहन्छ । यो महत्वपूर्ण हुन्छ कि तपाईको चिकित्सकसंग कोलोनोस्कोपी गर्नु पहिले यसको फाइदा र जोखिमको बारेमा छलफल गर्नुपर्दछ ।

**कोलोनोस्कोपीको खर्च कसले तिर्ने ?**

सार्वजनिक विरामीको लागि कोलोनोस्कोपीको कुनै पनि खर्च छैन । यदि निजी विरामी हो भने कोलोनोस्कोपीको लागि तपाईले शुल्क तिर्नु पर्दछ । कोलोनोस्कोपी गर्न पहिले तपाई आफ्नो चिकित्सकसंग यसको कुनै पनि आर्थिक खर्चको बारेमा छलफल गर्नुपर्दछ ।

**कोलोनोस्कोपीबाट केही देखियो भने के हुन्छ ?**

यदि सानो डल्लो वा केही अरु विकास भएको देखियो भने चिकित्सकले तुरुन्तै त्यसलाई निकालेर अर्बुध रोगको लागि परीक्षण गर्न प्रयोगशालामा पठाउँदछ ।

यदि आन्द्रामा हुने अर्बुध रोग देखियो भने तपाईलाई शल्यकियाको आवश्यकता पर्दछ । यदि यो प्रारम्भिक चरणमै देखिएको हो भने पूर्ण निको हुने सम्भावना धेरै हुन्छ र धेरैजसो मानिसहरु आफ्नो सामान्य जीवनशैलीमा फर्कन सक्नेछन् । प्रारम्भिक चरणमै कार्यक्रमको माध्यमबाट धेरै अर्बुध रोगहरु भेटिएको पाइन्छ ।

**यदि कोलोनोस्कोपीबाट केही देखिएन भने के हुन्छ ?**

यदि कुनै सानो डल्ला वा अबँध रोगको विकास भेटिएन भने कार्यक्रमले जब तपाई अर्को परीक्षणको लागि योग्य हुनुहुन्छ तब तपाईलाई लागि पठाउँदछ । बीचमा यदि तपाईमा कुनै लक्षणहरुको विकास भएमा (पृष्ठ ६ को आन्द्रामा हुने अर्बुध रोगको खण्डमा हेर्नुहोस्), तपाई आफ्नो चिकित्सकलाई देखाउनुपर्दछ ।

## कार्यक्रम दर्तामा के सूचनाहरु राख्ने गर्दछ ?

कार्यक्रम दर्तामा व्यक्तिगत सूचना राखिएको हुन्छ जस्तैः

- तपाईको Medicare नम्बर
- तपाईको सर्म्पक ठेगानाहरु
- कार्यक्रम जाँच परीक्षणका नतिजाहरु
- तपाईको मनोनित चिकित्सकको नाम
- थप परीक्षणको नतिजाहरु (जस्तै कोलोनोस्कोपी) तपाई आफ्नो कार्यक्रमपछि प्राप्त गर्न सक्नुहुन्छ । जाँच परीक्षण ।

## यो सूचना के को लागि प्रयोग हुन्छ ?

यो सूचना प्रयोग यसप्रकारले हुन्छः

- जाँच सामाग्री गर्नको लागि याद दिलाउन
- तपाईलाई अनुगमन र स्वास्थ्य सेवाहरुमा पहुँचको लागि सहयोग गर्न
- भविष्यमा अर्को परीक्षण सामाग्री गर्न तपाईलाई निम्तो दिन
- तपाईको परीक्षणको नतिजाको अनुरोध गर्नको लागि चिकित्सा सेवा प्रदायकहरुलाई सम्पर्क गर्न
- अष्ट्रेलियामा आन्द्रामा हुने अर्बुध रोगको कार्यक्रमको अनुगमन र मूल्यांकन गर्न ।

## मेरो जानकारी कसलाई प्रदान गरिनेछ ?

दर्तामा राखिएको व्यक्तिगत सूचना स्वास्थ्य र अन्य पेशासम्बन्धीहरुलाई जसले यो कार्यक्रम अन्तर्गत सेवाहरु प्रदान गर्दछ जस्तैः

- तपाईको मनोनित चिकित्सक
- चिकित्सा विशेषज्ञहरु
- प्याथलोजि प्रयोगशालाको तपाईको नमूनाहरु परीक्षण गर्ने जिम्मेवारी हुन्छ
- कर्मचारीहरु र राज्यको करार सेवा प्रदायकहरु र क्षेत्रिय स्वास्थ्य विभागहरु
- अष्ट्रेलियाली सरकारको स्वास्थ्य विभाग
- अष्ट्रेलियाली संस्थाको स्वास्थ्य र कल्याण
- अधिकार प्राप्त तेश्रो पक्षिय सेवा प्रदायकहरु
- तपाईको मनानितको अधिकार प्राप्त कुनै अन्य तेश्रो पक्ष ।

## गोपनीयता

तपाईको व्यक्तिगत सूचना र परीक्षणको नतिजाहरु कार्यक्रम दर्ताको *गोपनीयता ऐन 1988* मा सुरक्षितका साथ राखिएको हुन्छ र त्यस ऐन भित्र अष्ट्रेलियाली गोपनीयता सिद्धान्त अनुसार व्यवस्थित गरिएको छ ।

थप जानकारीको कार्यक्रमको वेवसाइट www.cancerscreening.gov.au/nbcsp-privacy मा प्राप्त गर्नसक्नु हुन्छ ।




**यदि चाडै थाहा पाउन सकियो भने आन्द्रामा हुने अर्बुध रोगको सफलतापूर्वक उपचार गर्न सकिन्छ**

For information in your language go to www.cancerscreening.gov.au/translations or call the Translating and Interpreting Service on 13 14 50.

ARABIC

للمعلومات باللغة العربية تفضل بزيارة الموقع الإلكتروني
www.cancerscreening.gov.au/translations أو اتصل
بخدمة الترجمة الخطية والشفهية على الرقم 13 14 50.

ASSYRIAN

[illegible]
www.cancerscreening.gov.au/translations [illegible]
[illegible] (Translating and Interpreting Service) [illegible]
[illegible] 13 14 50.

CHINESE SIMPLIFIED

关于这个计划的中文资料请见：
www.cancerscreening.gov.au/translations您也可以致电翻译口译服务处，号码是13 14 50。

CHINESE TRADITIONAL

關於這個計劃的中文資料請見：
www.cancerscreening.gov.au/translations 您也可以致電翻譯口譯服務處，號碼是13 14 50。

CROATIAN

Za informacije o programu na hrvatskom jeziku  idite na www.cancerscreening.gov.au/translations, ili nazovite Službu prevoditelja i tumača na 13 14 50.

GREEK

Για πληροφορίες στα ελληνικά επισκεφθείτε το www.cancerscreening.gov.au/translations ή καλέστε την Υπηρεσία Μεταφραστών και Διερμηνέων στο 13 14 50.

HAZARAGI

بلده مالومات ده زیبون هزارگی، ده ویبسایت زیر مراجعه کنین
www.cancerscreening.gov.au/translations و یا که ده
شماره 13 14 50 با خدمات ترجمانی تماس بیگرین.

HINDI

हिन्दी में सूचना के लिए www.cancerscreening.gov.au/translations देखें या अनुवाद एवं दुभाषिया सेवा (Translating and Interpreting Service) को 13 14 50 पर फोन करें।

ITALIAN

Per informazioni in italiano visitate www.cancerscreening.gov.au/translations o chiamate il Servizio traduzioni e interpretariato al numero 13 14 50.

KHMER

សម្រាប់ព័ត៌មានបន្ថែមទៀតជាភាសាខ្មែរ សូមមើលគេហទំព័រ
www.cancerscreening.gov.au/translations
ឬទូរស័ព្ទទៅសេវាបកប្រែ សរសេរ និងនិយាយ តាមលេខ 13 14 50។

KOREAN

한국어로 된 정보를 원하시면
www.cancerscreening.gov.au/translations 를 방문하시거나 통번역 서비스13 14 50로 연락하시기 바랍니다.

MACEDONIAN

За информации на македонски јазик одете на www.cancerscreening.gov.au/translations или јавете се на Службата за писмено и усмено преведување на 13 14 50.

NEPALESE

त्रको माथिल्लो भागमा उल्लेख गरिए बमोजिम नेपालिमा जानकारीको लागि www.cancerscreening.gov.au/translations  मा जानुहोला अथवा ट्रान्सलेटिङ्ग एण्ड ईन्टरपेटिंङ्ग  सर्भिस को १३१ ४५० मा सम्पर्क गर्नुहोला।

PERSIAN

برای کسب اطلاعات به فارسی، به آدرس
www.cancerscreening.gov.au/translations مراجعه کنید یا
با خدمات ترجمه کتبی و شفاهی به شماره 13 14 50 تماس بگیرید.

POLISH

Informację o programie w języku polskim znaleźć można na stronie www.cancerscreening.gov.au/translations, lub dzwoniąc do Telefonicznej Służby Tłumaczy pod numer 13 14 50.

PORTUGUESE

Para informações em português acesse www.cancerscreening.gov.au/translations ou ligue para o Serviço de Tradutores e Intérpretes discando 13 14 50.

PUNJABI

ਪੰਜਾਬੀ ਵਿੱਚ ਜਾਣਕਾਰੀ ਵਾਸਤੇ www.cancerscreening.gov.au/translations ਉੱਤੇ ਜਾਓ ਜਾਂ ਅਨੁਵਾਦ ਤੇ ਦੁਭਾਸ਼ੀਆ ਸੇਵਾ (Translating and Interpreting Service) ਨੂੰ 13 14 50 ਤੇ ਫੋਨ ਕਰੋ।

RUSSIAN

За информацией на русском языке перейдите на сайт: www.cancerscreening.gov.au/translations или позвоните в Службу письменного и устного перевода TIS по тел. 13 14 50.

SERBIAN

За информације на српском, погледајте www.cancerscreening.gov.au/translations или назовите Службу преводилаца и тумача на 13 14 50.

SPANISH

Para obtener información en español, visite www.cancerscreening.gov.au/translations, o llame al Servicio de Traducción e Interpretación, en el 13 14 50.

TURKISH

Türkçe bilgi için www.cancerscreening.gov.au/translations adresini ziyaret edebilir veya 13 14 50’den Yazılı ve Sözlü Çeviri Servisi’ni arayabilirsiniz.

VIETNAMESE

Muốn biết thông tin tiếng Việt, truy cập www.cancerscreening.gov.au/translations, hoặc gọi cho Dịch vụ Thông Phiên dịch (TIS) qua số 13 14 50.

# वैकल्पिक बन्दको लागि फारम

यदि कार्यक्रममा सहभागि हुन चाहनुहुन्न भने यो फाराम प्रयोग गर्नुहोस् ।

ID (परिचयपत्र) नम्बर | | | | | | | | | | |

(तपाई यसलाई तपाईको निमन्त्रण पत्रको माथिल्लो भागमा प्राप्त गर्न सक्नुहुन्छ)

थर ____ जन्म मिति / /

दिइएको नाम(हरु) ____ महिला ☐ पुरुष ☐

कृपया कार्यक्रममा आफ्नो सहभागिता नजनाउने कारण व्यक्त गर्नुहोस्:

- ☐ नियमित कोलोनोस्कोपीहरु गर्नु
- ☐ नियमित FOBT को जाँच गर्नु
- ☐ चिकित्सा सल्लाहमा भाग नलिनको लागि
- ☐ अर्बुध रोगको हेरविचारमा
- ☐ गोपनियताको चासोहरु
- ☐ प्रकृयाको साथ असहजता
- ☐ रुचि छैन
- ☐ अन्य

बन्द गर्ने छनौट गर्ने वारेमा मैंले बुझेको छु :

- म कुनै स्मरणपत्रहरु प्राप्त गर्ने छैन र जबसम्म म यसमा समावेश हुन्छु भनेर म कार्यक्रमलाई जानकारी गराउने छैन तबसम्म भविष्यमा जाँचको लागि आमन्त्रित गर्ने छैन ।
- यदि मैले कार्यक्रम बन्द गर्न चाहन्छु तर कार्यक्रम FOBT मा भाग लिन निर्णय गर्दछु भने म कार्यक्रममा एक सहभागीको रुपमा पुनःविचार गर्नेछु । यसको मतलब मेरो परीक्षणको नतिजाहरु कार्यक्रम दर्तामा अभिलेख गरिनेछ र स्मरणपत्रहरु यदि आवश्यक भएमा मलाई पठाइनेछ ।

हस्ताक्षर ____ मिति / /

कृपया ध्यान दिनुहोस् : यो फारम कार्यक्रममा भाग लिन आमन्त्रित गरेको व्यक्तिद्वारा हस्ताक्षर हुनुपर्दछ वा तेश्रो पक्षलाई आफ्नो तर्फबाट अधिकारप्राप्त भएको हुनुपर्दछ । यदि निमन्त्रितको तर्फबाट हस्ताक्षर गर्नुहुन्छ भने कृपया आफ्नो पुरा नाम र ठेगानाको जानकारी प्रदान गर्नुहोस् :

अधिकारप्राप्त तेश्रो पक्षको नाम ____

अधिकार प्राप्त तेश्रो पक्षको सम्पर्क नम्बर:

काम : (    ) ____ घर : (    ) ____ (मोवाइल) ____

तपाईले यो फारम एकपटक पूरा भर्नु भएपछि कृपया पुस्तिकाबाट हटाउनुहोस् र निम्न कार्यक्रम दर्ताको ठेगानामा पठाउनुहोस् (कुनै हुलाक टिकटको आवश्यक छैन) :

**NBCSP Register**
**Reply Paid 83245**
**Canberra BC ACT 2610**

# स्थगित फारम

यदि कार्यक्रममा केही समयको लागि सहभागि स्थगित गर्न चाहनुहुन्छ भने यो फाराम प्रयोग गर्नुहोस् ।

ID (परिचयपत्र) नम्बर [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]
(तपाई यसलाई तपाईको निमन्त्रण पत्रको माथिल्लो भागमा प्राप्त गर्न सक्नुहुन्छ)

थर ______ जन्म मिति __ / __ / __

दिइएको नाम(हरु) ______ महिला [ ] पुरुष [ ]

- [ ] चिकित्सकको सल्लाह खोज्दै
- [ ] हालको आन्द्रामा हुने अर्बुध रोगको जाँच
- [ ] हालको कोलोनोस्कोपी
- [ ] बिरामी
- [ ] यात्रा गर्दै
- [ ] अन्य

म आफ्नो सहभागिता तब सम्म स्थगित गर्न चाहन्छु (निम्न मध्ये एकमा चिन्ह लगाउनुहोस्)

[ ] __ / __ / __ (कृपया कार्यक्रममा पुनःशुचारु गर्न चाहनु हुने मिति भर्नुहोस् । यो सहभागी हुने आमन्त्रित मिति एक वर्ष भन्दा बढी हुनुहुदैन)

[ ] यो कार्यक्रमको लागि अर्को म योग्य सहभागी हुँ

हस्ताक्षर ______ मिति __ / __ / __

कृपया ध्यान दिनुहोस् : यो फारम कार्यक्रममा भाग लिन निमन्त्रित व्यक्तिद्वारा हस्ताक्षर हुनुपर्दछ वा तेश्रो पक्षलाई आफ्नो तर्फबाट अधिकारप्राप्त भएको हुनुपर्दछ । यदि निमन्त्रितको तर्फबाट हस्ताक्षर गर्नुहुन्छ भने कृपया आफ्नो पुरा नाम र ठेगानाको जानकारी प्रदान गर्नुहोस् :

अधिकारप्राप्त तेश्रो पक्षको नाम ______

अधिकार प्राप्त तेश्रो पक्षको सम्पर्क नम्बर:

काम : ( ) ______ घर : ( ) ______ (मोवाइल) ______

एकपटक तपाईले यो फारम पुरा गर्नुभएपछि कृपया पुस्तिकाबाट हटाउनुहोस् र निम्न कार्यक्रम दर्ताको ठेगानामा पठाउनुहोस् (कुनै हुलाक टिकटको आवश्यक छैन):

**NBCSP Register**
**Reply Paid 83245**
**Canberra BC ACT 2610**

## सहयोगको आवश्यकता ?

यदि तपाईलाई थप जानकारीको आवश्यकता पऱ्यो भने निम्न संस्थाहरुले तपाईलाई सहयोग गर्न सक्दछ ।

| यदि चाहनुहुन्छ भने... | संगठन | सर्म्पक जानकारी |
|---|---|---|
| • कार्यक्रमको बारेमा थप पत्ता लगाउनुहोस् | आन्द्रामा हुने अर्बुध रोगको राष्ट्रिय जाँच कार्यक्रमको जानकारी लाईन | 1800 118 868<br>www.cancerscreening.gov.au/bowel |
| • परीक्षण सामाग्री कसरी प्रयोग गर्ने भन्ने बारेमा प्रश्न सोध्नुहोस् | परीक्षण सामाग्रीको सुरक्षालाईन | 1800 930 998<br>वा छोटो भिडियो<br>www.cancerscreening.gov.au/bowel<br>मा हेर्नुहोस् |
| • अनुवादक सेवाहरुमा पहुँच | अनुवादन तथा दोभाषिक सेवा | 13 14 50<br>www.tisnational.gov.au |
| • अनुवादीत सामाग्रीहरु र पत्रहरुमा पहुँच | आन्द्रामा हुने अर्बुध रोगको राष्ट्रिय जाँच कार्यक्रम | www.cancerscreening.gov.au/translations |
| • सुन्नमा कठिनाई भएमा सहयोग सेवाहरुमा पहुँच | टेलीटाईपराइटर (TTY) सेवा | 1800 810 586 |
| • अर्बुध रोगको बारेमा प्रशिक्षित कर्मचारीसंग कुराकानी<br>• स्थानीय अर्बुध रोगको सेवाहरु कहाँ उपलब्ध छ भन्ने बारेमा पत्ता लगाउन | अर्बुध रोग परिषद | 13 11 20<br>www.cancer.org.au |

नोभेम्बर 2017 सम्मको यस प्रकासनमा भएको सबै जानकारी सही छ ।

11910 नोभेम्बर 2017